# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (एकतीसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६।०४।१०, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा १ बजेर १५ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म माननीय सदस्य श्री विन्दु कुमार थापाले विशेष समय माग गर्नु भएकोले आफ्नो भनाइ राख्न समय दिन्छु ।

### माननीय सदस्य श्री विन्दु कुमार थापाज्यू

सभामुख महोदय, पोखरा महानगरपालिका वडा नं. ३०,३१ र ३२ मा करिव १३८ हेक्टर जमीन मध्य पचभैया सामुदायिक वनको ९२ हेक्टर चायापानी, चिसापानीको १२ हेक्टर र चैनपुर सामुदायिक वनको ३४ हेक्टर जग्गामा ७५० जना सामुदायिक वन उपभोक्ताहरु रहेको स्थानमा जुओलिजकल पार्क तथा प्राणी उधानकेन्द्र स्थापना गर्ने अवधारणा प्रकिया अघि बढिरहेको कुरा सर्वविदितै छ । यस चिडियाखाना पोखराको पर्यटन प्रर्वद्धनलाई ध्यानमा राखेर प्रदेशले पनि एउटा गौरवको आयोजनाको रुपमा हेरी विगत वर्षको अलवा यस वर्ष पनि ४ करोड र १ करोड गरी दुई शीर्षकमा ५ करोड बजेट छुट्याएको अवस्था छ । यसै सिलसिलामा २०७५ जेठ १५ को मितिमा २३ जनाको संस्थापन समिति रहने गरी पोखरा जुलोजिकल पार्क नामाकरणको कंपनी त्यहाँका तमाम वन उपभोक्ताको जानकारी,

सहमति र भेला नै नगरी कंपनी स्थापना गरियो भनि व्यापक रुपमा उपभोक्ता समितिहरुको विरोध र यो वन विरोध आएको छ, र यो वन ऐन २०४९ र वन नियमावली २०५१ को खिलाफ पनि देखिन्छ र विभिन्न चरणको वार्ता असफल भएपछि ७६।३।३० मा पचभैया उपभोक्ता वन समितिको वृहत भेला गरी ४३३ जना मध्ये ३२१ जना को वन उपभोक्ताको भेलाले दिनानाथ ढकालको सयोजकत्वमा ४६ उपभोक्ता समिति गठन गरिसकेको अवस्था विधमान छ । स्मरण रहोस्, कुल १३८ हेक्टर मध्य पचभैया वन उपभोक्ता समिति मै ९२ हेक्टर जमीन पर्दछ । सभामुख महोदय, यो कंपनी दर्ता गरिसकेपछि कंपनी र त्यहाँको वन उपभोक्ता समिति बीचको एउटा संघर्षको स्थिति त्यहाँ देखिएको छ, यलाई समयमा नै हामीले संवोधन गर्नुपर्ने आवश्यकता देखिएको छ । सभामुख महोदय, पचभैया सामुदायिक वन उपभोक्ता समितिका जनताहरु उक्त कंपनी स्विकार गर्ने पक्षमा नरहेका र कंपनी खारेज गर्ने र समुदायको वन उपभोक्ता सबैको समान हक तथा अपनत्व रहने गरी गण्डकी प्रदेश र समुदाय मिलेर अगाडि बढ्न र गण्डकी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक देखिएको हुदा पनि अविलम्व कंपनी पक्ष र वन उपभोक्ता पक्ष वीच सामन्जस्यतामा दुवै पक्षलाई स्वीकार्य र अपनत्व हुने गरी पहल गरी समय मा नै समस्याको समाधान गर्न म सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकिष्ट गर्न चाहान्छु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुखज्यू

अब म आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७६ साल साउन ९ गते बसेको बैठकको विशेष समयमा दैविप्रकोप विषयमा उठेका प्रश्न संवन्धमा संवोधन गर्न अनुरोध गर्दछु ।

## माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

सभामुख महोदय, गत असार महिना र यो साउन महिनामा हाम्रो गण्डकी प्रदेशको लमजुङ, वाग्लुङ लगाएत देशका विभिन्न स्थानहरुमा अविरल वर्षाको कारण विभिन्न घटनाहरु घटन पुगेका छन । त्यसबाट ठुलो धन जनको क्षति हुन पुगेको छ । त्यसप्रति गण्डकी प्रदेशको सरकारको तर्फबाट दुख व्यक्त गर्दछु । सँगै ती

घटनाहरुमा मृत्यु भएका मृतकहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । सँगै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । र वेपत्ताहरु छिटै उनीहरुको बारेमा यथार्थ जानकारी प्राप्त हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहान्छु । त्यसरी नै हिजो सदनमा हाम्रो गण्डकी प्रदेश अन्तर्गतका लमजुङ र वाग्लुङमा अविरल वर्षाका कारण घटेका घटना धनजनको क्षतिको बारेमा माननीय सदस्यज्यूहरुले जुन प्रश्नहरु उठाउनु भो, जिज्ञासाहरु राख्नु भो, त्यस बारेमा प्रदेश सरकारको आफ्नो भनाइ अर्थात धारणा यहाँ राख्न उभिएको छु । लमजुङको दोर्दी खोलामा यहि साउन ८ गते अविरल वर्षाका कारण आएको बाढीले कोहिको क्षति र वाग्लुङमा आएको बाढी पहिरो लगायतका घटनामा पुगेको क्षतिको संवन्धमा माननीय सदस्यहरुबाट उठाइएको विषयका संवन्धमा यथार्थ जानकारी गराउन चाहान्छु । दोर्दी गाउँपालिका वडा नं.६ को दोर्दी खोलामा निर्माणाधिन लिर्वटी हाइड्रोपावरको ड्याम क्षेत्रमा अचानक आएको बाढीमा बगाइएका १६ जना मध्य ५ जनाको शव फेला परेको, ५ जना वेपत्ता भएको र बाँकीलाई सकुशल उद्दार गरिएको छ । बाढीमा परि निधन भएकाहरुमा सोहि हाइड्रोपावरमा कार्यरत पर्साका शिवधनु चौधरी, डडेलधुरा आलेतालका भान बहादुर वुढा, बारा जितपुर सिमरा उपमहानगरपालिका शहिद अन्सारी, सप्तरी सप्तकोशी न.पा.का भुवनेश्वर चौधरी, र भोजपुरका दिवस कटुवाल रहेको र उनीहरु सबैको सनाखत भैसकेको मृतकहरुको परिवारलाई राहतका लागि जिल्ला प्रशासन कार्यालय मार्फत रु १ लाखका दरले उपलव्ध गराइनेछ । भने उनीहरु कार्यरत कंपनीबाटै कियाखर्च र विमाको व्यवस्था हुने जानकारी प्राप्त भएको छ । यस्तै घटनामा बेपत्ता भएकाहरुमा सप्तरीका सुरेन्द्र चौधरी, कंचनपुरका देव बहादुर ओली, डडेलधुराका करेन बूढा, बाराका ज्ञानेन्द्र चौधरी र लमजुङ दोर्दी कै विनोद तामाङ रहेका छन । इलाका प्रहरी कार्यालय, भोटेओडारबाट खटिएको प्रहरी टोलीले उनीहरुको खोजी कार्य जारी राखेको छ । घटनामा घाइते भएकाहरुमा सप्तरीका सुरोद सदा, डडेलधुराका धनसिंह यदि, र सुरज बुढा, सप्तरीका सन्तोष सरदार, सिराहाका रमेश विक, बाराका अर्जुन शर्मा, लमजुङका अर्जुन आले र बाराका हरि विक रहेका छन । उनीहरुको सामुदायिक अस्पताल लमजुङमा उपचार भैरहेको र उपचारको व्यवस्था उनीहरु कार्यरत कंपनीबाटै भैरहेको समेत यस संसदलाई जानकारी गराउन चाहान्छु । यस्तै गरी असार २९ गते वाग्लुङ नगरपालिका वडा नं. ४ फेदी

वस्ने लक्ष्मण पौडेलको छोरा २२ वर्षको सुदर्शन पौडेलले मकैवारीमा बादर धपाउने कममा भिरबाट अन्दाजी ५०० मीटर तल खस्न जाँदा निजको घटनास्थलमै मृत्यु भएको र आवश्यक जाँच मुचुल्का पछि मृतकका आफन्तलाई शव बुझाइ सकिएको यस संर्दभमा, यस्तो घटना विपतको परिभाषाभित्र अर्थात विपतको दायराभित्र नपर्ने हुनाले स्थानिय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी त्यहाको स्थिति बुझी आवश्यक सहयोग गर्नु परेमा प्रदेश सरकारबाट सहयोग हुने व्यहोरा सदन समक्ष जानकारी गराउन चाहान्छु । यसैगरी सोहि जिल्ला गल्कोट नगरपालिका वडा नं. ८ ज्यामिरे बस्ने पिताम्वर गौतमको घर पछाडि बाट पहिरो आँइ घर नजिकै रहेको एक तले कच्ची गोठ पुरिंदा वर्ष १७ की सीता गौतमको मृत्यु भएको र निजको परिवारलाई जिल्ला प्रशासन कार्यालय वाग्लुङ मार्फत रु.१ लाख राहत स्वरुप प्रदान गरिएको व्यवहार यस सदन समक्ष जानकारी गराउन चाहान्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई विधायन समितिको प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असार ३ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफल का लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को २ (क) बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधयक माथि छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म उक्त विधयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तापको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । **हुन्छ**

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ विधयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

अब विधायन समितिको प्रतिवेदन सहितको प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक माथिको दफावार छलफल प्रारम्भ हुन्छ ।

अब म सर्वप्रथम माननीय सदस्य श्री मधुमाया अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय सदस्य श्री मधुमाया अधिकारी गुरुङज्यू**

आज हामी प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको संवन्धमा छलफल गर्न गइराखेको छौं । लोक सेवा आयोग नेपालको संर्दभमा, एउटा विश्वस्नीय प्राष्त गरेको संस्था हो । प्रदेश सरकारको हैसियत कायम गर्नको लागि पनि यो लोक सेवा आयोग गठन गर्न आवश्यक छ । नेपालको संविधान धारा २४४ मा प्रत्येक प्रदेशमा लोक सेवा आयोग प्रदेश लोक सेवा आयोग रहने प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश बमोजिम हुने र लोक सेवा आयोग संवन्धि प्रादेशिक कानुनका लागि संघीय संसदले कानुन बनाइ आधार मापदण्ड निर्धारण गर्ने छ भन्ने व्याख्या गरिएको छ । माननीय सभामुख महोदय, जे होस् ऐन २०७५ जारी गरि प्रदेश लोक सेवा आयोग सम्वन्धी कानुन बनाउने बाटो खुला गरेको छ । प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा प्रदेशको अन्य

सरकारी सेवा, प्रदेश संगठीत संस्थाको सेवा, स्थानिय सरकारी सेवा तथा स्थानिय संगठित संस्थाको पदमा उपयुक्त उम्मेदबार छनौटमा स्वछता, निष्पक्षता कायम गरी योग्यता, दक्षता, सक्षमतालाई प्राथमिकता दिदै सार्वजनिक प्रशासनलाई समक्ष, सुढृढ सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोग आवश्यक रहेको छ । यसलाई प्रदेश लोक सेवा आयोग गठन गर्न को निम्ति काम, कर्तव्य भित्र रहेर सहि कर्मचारी छनौट, क्षमतावान कर्मचारीी छनौट, योग्य कर्मचारी छनौट, समानुपातिक र समावेशी समेतलाई ध्यान राखेर लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य पुरा गर्नेछ । गण्डकी प्रदेशलाई सेवा सुविधामा सरल, सहज, प्रभावकारी बनाउन सक्ने दक्ष जनशक्ति आवश्यकता छ । तसर्थ यस विषयलाई गंभीर ढंगले यो लोक सेवा आयोगले यो विषयलाई पनि ध्यान दिनेछ । र स्थानिय कर्मचारी र प्रदेश कर्मचारीको विज्ञापन गर्दा संयुक्त रुपबाट अर्थात एकमुष्ठ रुपबाट गर्‍यो भने समानुपातिक झल्कने छ भन्ने विषय राख्दै यो जो विधयक आएको छ, यसमा मेरो र मेरो दलको पूर्ण समर्थन गर्दे विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय सदस्य श्री दोबाटे विश्वकर्माज्यू

सभामुख महोदय, हामी लोकसेवा आयोगको गठन संवन्धि विधेयक माथि छलफल गरिरहेका छौं । निश्चय पनि यो ज्यादै महत्वपूर्ण छ । र यसले आज युवाहरुले लेखे पढेका लाई रोजगारीका अवसर र स्थानिय र प्रदेश तहमा म्यानपावरको पूर्ति हुने र रोजगारीको अवसर सिर्जना गरेर युवाहरुको भविष्य अगाडि बढ्ने यले महत्वपूर्ण भूमिका राख्छ भन्ने मलाई लाग्दछ । विशेष गरेर यो सन्र्दभमा मैले अलिकति कन्फ्युजन भाकोछु । यो छलफल औपचारिकता मात्रै हो कि भन्ने मलाई लागिराख्याछ । किनभने अव यसमा छलफल गरेर हाम्ले दिएका सुझावहरु विधान समितिबाट सर्वसम्मति पारित भ र आ को भनिसकेपछि यो फेरि विधायन समितिमा त फर्किदैन होला, यहि बाट पारित हुने होला । तेले गर्दा यसको औचित्य के हो भन्ने कुरा अव मैले बुझ्या छैन हैन । त्यसकारण तै पनि एउटा

दुइटा सुझावहरु यहाँ राख्न चाहे । धेरै कुराहरु यसमा छ, यो मध्यको मैले ससर्ति हेर्दाखेरीमा धेरै कुराहरु भन्दा पनि मैले मुख्य दुइटा तीनटा कुराहरुलाई मैले यहाँ ध्यानाकर्षण गराउन चाहे । जस्तै संविधान र प्रचलित कानुन बमोजिम गंभीर उलघंन गरेको कार्यको अभाव र खराव आचरण गरेको संवन्धमा भनेर जुन यो बारेमा एउटा छानविन गर्नी भनेर एउटा समिति बनाउने भनेको छ यसमा, प्रतिवेदन पेश गरी प्रदेश सभामा एक छानविन समिति गठन गर्ने भनेको छ, यो कस्तो खालको छानविन समिति हो, कस्तो खालको बन्ने हो, यो अलि स्पष्ट भएन कि भन्ने मलाई लाग्दछ । यसमा ७ जनाको समिति बनाउने भनेको छ, त्यसकारणले यसमा अलि खुलाएरै प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको संसदहरुको सहभागितामा ७ जनाको समिति बनाउने भन्यो भनि स्पष्ट होला जस्तो लाग्छ । त्यसकारणले गर्दाखेरी यलाई पनि अलि खुलाइदिए राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ । र अर्को धारा २१ बाट जुन उम्मेदवारको छनौट भनिएको छ, बुदा नं. २१ बाट २६ सम्म सरसर्ति हेरियो, तर यसमा पदपूर्ति गर्नी भनिएको छ, जस्तो अहिलेको हाम्रो प्रचलित कानुनबाट यलाई पदपुर्ति गर्दाखेरीमा ५५ र ४५ को अवधारणा छ । यसमा कुनै पनि किसिमको समावेशीताको सिद्धान्तलाई आधार मानिएको मैले ससर्ति हेर्दाखेरी नभटाएको होकि, मैले नबुझेर हो कि, त्यो देखिएको छैन । त्यसकारण अस्ति भर्खर लोक सेवा आयोग खोलेर प्रशस्त मात्रामा उमेदवार निवेदनहरु परे आखिरीमा सर्वोच्चमा मुद्धा पर्‍यो । हैन, तेले गर्दाखेरीमा फेरि यहाँ पनि त्यस्तै खालको परिस्थिति सिर्जना हुने हो कि, त्यसकारण यसलाई समावेशी सिद्धान्तका आधारमा ४५ र ५५ लाई यसपालि स्पष्ट रुपबाट यसलाई राखियो भने सष्पैको सम्मानपुर्वक सहभागिता हुने र सष्पैले रोजगारीको अवसर सिर्जना गर्न पाउने थिए, यिनै कुराहरु राखेर अरु धेरै कुराहरु भन्नु भन्दा पनि धेरै थुप्रै कुराहरु यसको महत्वपूर्ण भुमिकाहरु छन, यिनै दुइटा कुराहरुलाई मैले उल्लेख गरे तर यसमा हाम्ले राखेका कुराहरु अव अहिले सप्पै विधायन समितिबाट सर्वसम्मतिले पास भ र आ को छ यलाई थपघट गर्नी कुराहरुमा के छ, मेरो अनुरोध छ, भएसम्म यी दुइटा कुराहरुलाई यदि विधायन समितिबाट संशोधन भ र आ को छैन भने यसलाई समावेश गरेर, संशोधन गरेर पास होस् भन्दै अनुरोध गर्दे विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु । समय ८ मिनेट ।

## माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारीज्यू

माननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७६ माथि छलफल गर्नु पर्दा यो विधयकको प्रस्तावनामा नै उल्लेख छ कि प्रदेश निजामति सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाका सेवा, स्थानिय सरकारी सेवा तथा स्थानिय तहको संगठित सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गर्दै योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार तथा कार्यविधिको संवन्धमा आवश्यक व्यवस्था गर्न वान्छनिय भएकोले गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ । यो प्रस्तावना पढीसकेपछि यसको औचित्य आफै प्रष्ट हुन्छ । प्रदेश सरकार यो आएर व्यवहारमा लागु भएपछि बल्ल सशक्त ढंगले अगाडि बढ्न सक्नेछ भन्ने मलाई विश्वास छ । जब आफैले कर्मचारी र प्रहरी प्रशासन खडा गरिन्छ, तव मात्र सरकार सही मात्रामा सरकार हुन्छ । जति छिटो यो विधयक पास हुन्छ, त्यसरी कार्यान्वयन पक्ष अगाडि आउने हुदा यसमा सवैको सहमती जुट्नु आवश्यक छ । यो विधयकमा विविध समेत गरी ६ वटा परिच्छेद र ५९ दफाहरु छन । जुन संक्षिष्त नाम र प्रारम्भबाट शुरु भएर बाधा अड्काउ फुकाउ भन्ने दफामा टुंगिन्छ । यी ५९ दफाले प्रदेश लोक सेवा आयोग गठन भएर कार्य संपादन कसरी गर्नेछ भन्नेसम्मका सबै कुराहरु बोकेको छ । दफा ९ मा उल्लेखित प्रदेश प्रहरी सेवाको पदपूर्तिको लागि लिइने लिखित परिक्षा संचालन गर्ने व्यवस्था पनि लोक सेवाभित्र हुनुले दक्ष प्रहरी छनौट हुने कुरालाई प्रष्ट पार्दछ । त्यसैगरी दफा १२ मा दक्ष वा विशेषज्ञ सेवा लिन सक्ने भन्ने बुदा पनि आफैमा महत्वपूर्ण छ । यो प्राक्टीस् हुदै आएको पनि छ । लोक सेवामा र यहाँ पनि त्यसको निरन्तरताले दक्ष जनशक्ति छनौटमा महत्वपुर्ण भूमिका निर्वाह हुनेछ । त्यस्तै

यसका दफा १३, १५, १९,२० पनि उत्तीकै महत्वपूर्ण छन । दफा २० को पाठ्यक्रम र परिक्षण विधि जुन छ, त्यसले यो प्रदेशलाई कस्तो जनशक्ति चाहिएको हो, सोहि माथि पाठ्यक्रम निर्धारण गर्न सक्छ भने इच्छुक उम्मेदवारले आफुलाई सोही माथि पनि तयार गर्न सक्दछ । यसले गर्दा इच्छाइएको जनशक्ति र सेवा प्राप्त गर्न सकिन्छ । त्यस्तै उपयुक्त छन २८ देखि ३५ सम्मका दफाहरु पनि । दफा ३८ को विधुतिय प्रयोगको माध्यमले लोक सेवा प्रविधिमैत्री बन्नेछ भने काम छिटोछरितो पनि हुनेछ । दफा ४९ ले लिखितको गोपनियता संवन्धि बोलेको छ भने ५१ ले पुरस्कार दिन सक्ने कुरा गरेको छ । दुवै दफा आफैमा महत्वपूर्ण छन । गोपनियताले परिक्षालाई गरिमापुर्ण बनाउदछ भने पुरस्कारले पेशालाई । सभामुख महोदय, यस विधयकको दफा ५५ मा असल नियतले गरेको काम कारवाहीको बचाउ भन्ने उल्लेख छ । र सो संवन्धमा कुने अदालतमा मुद्धा चलाउन नपाउने व्यवस्था गरिएको छ भनिएको छ । यसले आयोगका अध्यक्ष, सदस्य र कर्मचारीलाई सुरक्षा प्रदान गरेको छ । यदि असल नियतले काम गर्दा त्रुटी भएछ भने पनि भनेर यो दफाले उहाँहरुको निर्णय क्षमता सुढृढ गर्दछ भन्ने म ठान्दछु । अन्तमा गण्डकी प्रदेश र सरकारलाई सुढृढ र सवल बनाई सरकारका गतिविधीलाई जनसमक्ष पुर्‍याउन कर्मचारीहरु र प्रदेशमा अमनचैन कायम गर्न प्रदेश प्रहरीहरुको आवश्यकता भएकोले यथाशीघ्र यो विधयक ऐनको रुपमा आइ कार्यान्वयनमा लैजान पर्ने भएकोले मेरो र मेरो दलको तर्फबाट पूर्ण समर्थन रहेको व्यहोरा अवगत गराउदै आज्ञा चाहान्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोग विधयक विधायन समितिमा दफावार छलफल भएर प्रतिवेदन सहित माननीय संसद समक्ष पेश भएको छ । प्रदेश सरकारको निम्ति प्रदेश सरकारको साथसाथै स्थानिय तहको आवश्यक हुने सक्षम र योग्य जनशक्ति आपूर्ति गर्नको निम्ति प्रदेश लोक सेवा आयोग गठन गर्न

जरुरी भ रै यो विधयक सदन समक्ष पेश भएको र यस माथि विधायन समितिमा दफावार छलफल भइसकेको र विधायन समितिमा केहि विषयहरु तेलाइ सुधार गर्ने काम पनि भएको अर्थात लोक सेवा आयोगलाई अझै सक्षम र सुढृढ बनाउनको निम्ति अझ जिम्मेवार बनोस् संस्थाको रुपमा स्थापित गर्नको निम्ति जिम्मेवार संस्थाको रुपमा उभ्याउनको निम्ति विधायन समितिमा महत्वपूर्ण छलफल भए र सँगै यो संवन्धि लोक सेवा आयोग सम्वन्धी ज्ञाताहरु, विशेषज्ञहरुसँग पनि विधायन समितिले छलफल गर्यो र उहाँहरुको सुझाव समेत लिएर यो लोक सेवा आयोग विधयक यहाँ प्रस्तुत भएको छ । यस सन्र्दभमा हाम्ले जे जति छलफल गर्यौ मुख्य कुरा हामीलाई हाम्रो अनुसुची ६ मा प्रदेश लोक सेवा आयोग बनाउने अधिकार प्रदेश सरकारको छ । अर्थात अनुसुची ६ जुन प्रदेशको एकल अधिकार सुची हो, त्यसमा लोक सेवा आयोग गठन गर्ने हामीलाई अधिकार छ । तर त्यसैमा आधार र मापदण्ड भने संघले संघीय ऐनमा संघीय ऐनले तोके अनुसार हुने भनिएको हुदा हामीले त्यो केहि समय पर्खनु पर्यो । र आधार मापदण्ड संवन्धि आधार र मापण्ड निर्धारण २०७५ सालको अन्तिम महिनामा आ र मात्रै त्यो जारी भो । त्यसैको आधारमा अर्थात तेहि चाहि आधार मापदण्ड मानेर हामीले यो लोक सेवा आयोग विधयक ल्याएका छौ । र त्यो आधार र मापदण्डले दिएको दायरा भित्र रहेर यसका संरचनाहरु निर्माण भाका छन । जसरी शुरुमा पनि यो प्रस्ताव पेश हुदाहुदै पनि चर्चा भएको थियो, ३ जनाको सिफारिस समिति, ३ जनाको आयोग । यो ३ जनाको सिफारिस पनि बढाउदा के हुन्छ, यो ३ जनाको आयोग संख्या पनि बढाउदा के हुन्छ, भन्ने प्रश्न उठ्याथ्यो । यस बारेमा विधायन समितिमा पनि छलफल भयो । त्यो आधार र मापदण्डले नै निश्चित गरिदियाछ । ३ जनाको सिफारिस समिति, ३ जनाको आयोग त्यले गर्दा त्यो भन्दा बाहिर जान नसक्ने हाम्ले त्यहाँ छलफल गर्यौ । मैले यस सदन समक्ष पनि माननीय सदन समक्ष पनि यो स्पष्ट गर्न चाहान्छु । र अन्य विषयमा हामीले यो आयोगलाई मैले अघि नै पनि भने कसरी अझ जिम्मेवार एउटा संस्थाको रुपमा स्थापित गर्न सकिन्छ, विकास गरेर जान सकिन्छ, जसरी केन्द्रमा लोक सेवा आयोग लोक सेवा आयोग भने पछि अब संघीय सरकारद्धारा गठित भनेर बुझ्नुपर्ने हुन्छ । त्यसकारण हाम्रो लोक सेवा आयोगलाई स्पष्टसँग बुझ्न प्रदेश लोक सेवा आयोग नै भन्नुपर्छ । लोक सेवा आयोग मात्र

भनिदियो भने त्यो संघको लोक सेवा आयोग बुझिन्छ । र प्रदेश लोक सेवा आयोगकाले अपनाउने जुन सिद्धान्त छन, पद्धतीहरु छन, यसले अपनाउने मापदण्ड छन, त्यो लोक सेवा आयोग अर्थात संघको लोक सेवा आयोग केन्द्रको लोक सेवा आयोग भन्दा भिन्न हुदैन । संघको लोक सेवा आयोगले जुन जुन सिद्धान्त, जुन जुन पद्धती र मापदण्ड अपनाउने गरेको छ , र एउटा विश्वसनीय संस्थाको रुपमा स्थापित छ, त्यो भन्दा भिन्न प्रदेश लोक सेवा आयोग हुँदैन र यसले आफ्नो यसले यस क्षेत्रमा मुख्यतः योग्यता प्रणालीको मान्य सिद्धान्तलाई यले अपनाउने छ र यसको सम्वर्द्धन र प्रवर्द्धनको निम्ति अनुसन्धान, अध्ययनको पाटोलाई पनि छोडेको छैन । यसकारण प्रदेश लोक सेवा आयोग अझ जिम्मेवार, अझ विश्वसनीय संस्थाको

रुपमा स्थापित हुनेछ, हामी स्थापित गर्न सफल हुनेछौ भन्ने विश्वास पनि यहाँ व्यक्त गर्न चाहान्छु । सँगै यहाँ केहि विषयहरु पनि विधायन समितिमा उठेका थिए । यहाँ त माननीय सदस्यज्यूहरुबाट उठेन र पनि मैले यहा उठेको कुरा पनि यहाँ स्पष्ट गर्नुपर्छ भन्ने लागेको छ । यसमा केहि कुराहरु उठ्याथे त्यहाँ जस्तो आयोगले त्यो लिखित परिक्षा संचालन गरिसके पछि त्यो उत्तर पुस्तिकाको परीक्षण या त आयोगको कार्यालयमा या आयोगले निर्धारण गरेको स्थानमा जाचिनु पर्छ भन्ने कुरा लेखौ, भन्ने कुरा पनि उठ्याथ्यो । यो कुरा हामी यो ऐन हो, हामी नियमावली बनाउदाखेरी यसमा उल्लेख गर्न सक्छौ भन्ने कुरा हाम्ले त्यहाँ छलफल गरेका छौ । त्यस्तै उत्तर पुस्तिकाको दोहोरो परिक्षण गर्नुपर्छ भन्ने कुराको पनि त्यहाँ बहस भाको थियो । लोक सेवा आयोगले भनेको केन्द्रको लोक सेवा आयोगले उत्तरपुस्तिकाको दोहोरो परिक्षणको व्यवस्था गरेको रहेछ त्यो सहसचिव को लिखित परिक्षाको उत्तरपुस्तिका को दोहोरो परिक्षणको व्यवस्था गरेको रहेछ । अरुको गरेको रहेनछ । अनि हाम्रो संर्दभमा हामीले पनि अधिकृत सम्मको गर्ने हो कि भन्ने कुरा त्यहाँ छलफल चलेको थियो । यस विषयमा अझ गहिराइपुर्वक बुझौला, नियमावली पनि उल्लेख गर्दा पनि हुने हुनाले अब यसलाई नियमावलीमा उल्लेख गर्ने गरी कम्तीमा पनि एक तहको उत्तरपुस्तिका त्यो माथिल्लो तहको एक तहको उत्तरपूस्तिका दोहोरो परिक्षण गर्ने व्यवस्था हामी नियमावलीमा व्यवस्था गर्नेछौ भन्ने एउटा कमिट्मेन्ट पनि त्यहाँ जनाइएको छ, यो कुरा पनि म माननीय संसद समक्ष स्पष्ट गर्न चाहान्छु र यहाँ जुन प्रश्न उठे मात्रै दुइटा प्रश्न उठे, त्यस

संवन्धमा संविधानको उलंघन गरेको, खराव आचरण देखाएको यस्तो अवस्थामा छानविनको निम्ति भनेर जुन प्रश्न उठ्याछ, त्यो लोक सेवा आयोगको संर्दभमा अब यो प्रदेश सभाको कुरा हो त्यो प्रदेश सभाका एक चौथाई सदस्यहरुले त्यस्ता सदस्यको विरुद्ध प्रस्ताव पेश गर्न सक्छन, त्यो अवस्थामा प्रदेश सभाले ७ जनाको छानविन समिति गठन गर्न सक्छ । प्रदेश सभाले गठन गर्ने समिति भा हुनाले अब यसमा त्यस विषयमा यसरी त्यसरी भन्ने कुरा उल्लेख गर्न मिलेन, यो प्रदेश सभाले नै  हाम्रो नियमावलीमा तेलाई व्यवस्था गरेर जाने कुरा हो । हिजो बेलामा हाम्लाई प्रदेश लोक सेवा थिएन, त्यसकारण हाम्रो त्हाँ ध्यान पुगेन अब प्रदेश सभाकै क्षेत्राधिकारभित्र कै कुरा भा हुनाले यस्तो उल्लेख नगरिएको कुरा स्पष्ट गर्न चाहान्छु । त्यसरी नै पदपूर्ति गर्ने संर्दममा समावेशीको कुरा हाम्रो यो लोक सेवा आयोग विधयकमा राम्रै गरी स्पष्ट हुने गरी नै व्यवस्था गरियाछ । यसमा जसरी लोक सेवा आयोग अर्थात केन्द्रको लोक सेवा आयोगले व्यवस्था गर्‍याछ, यहाँ माननीय सदस्यज्यूले अघि आफैले पनि राख्नु भाथ्यो, त्यो ५५ र ४५ त्यो ५५ खुला हो, ४५ समावेशी हो । त्यो ४५ लाई पनि १०० मानेर अब विभिन्न जसलाई समावेशी गर्नुपर्ने हो त्यसको अनुपात पनि त्यहाँ उल्लेख गरिएको छ, अर्थात नियम अनुसार नै हुने कुरा म सदन समक्ष स्पष्ट गर्न चाहान्छु र विधायन समितिमा र सदन समक्ष माननीय सदस्य ज्यूहरुले जुन सक्रियतापूर्वक यस विधयक माथि छलफल गर्नु भो, र यसलाई परिपक्क बनाउन मिहिनेत गर्नु भो त्यसको निम्ति माननीय सभामुख मार्फत हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब यो छलफल यही समाप्त हुन्छ ।

अब, म प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयका संवन्धमा विधायन समितिको प्रतिवेदनको क.सं. १ देखि १८ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य,अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको संवन्धमा विधायन समितिको प्रतिवेदन संशोधनको क.सं. १ देखि १८ सम्म उल्लेखित संशोधन सर्वसम्मतीले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब म प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकका संवन्धमा विधायन समितिको प्रतिवेदन को क.सं. १ देखि १८ सम्म उल्लेखित संशोधन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य,अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको संवन्धमा विधायन समितिको प्रतिवेदन संशोधनको क.सं. १ देखि १८ सम्म उल्लेखित संशोधन सर्वसम्मतीले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनेको घोषणा गर्दछु ।

अब म विधयकको दफा १ देखि ५९ सम्म र अनुसुची प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधयकको १ देखि ५९ सम्म र अनुसुची सर्वसम्मतीले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य,अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनेको घोषणा गर्दछु ।

अब म विधयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना :** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठीत संस्थाको सेवा, स्थानिय सरकारी सेवा तथा स्थानिय तहको संगठीत सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दे सार्वजनिक प्रशासनलाई सक्षम,सुढृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार तथा कार्यविधिको संवन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम प्रदेश लोक सेवा आयोग ऐन २०७६ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधयकको प्रस्तावना र नाम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधयकको तसर्थ विधयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश लोक सेवा आयोगको ` गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयकको अंग बनेको घोषणा गर्दछु ।

अब म माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असार ३ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदन सहित प्राष्त भएको प्रदेश लोक सेवा आयोगको गठन,काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको संवन्धमा व्यवस्था गर्न बनेको विधयक सर्वसम्मतिले पारित भएको  घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७६ साल साउन ९ गते सभामा प्रस्तुत गर्नु भएको पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक माथि बिचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन ९ गते प्रस्तुत भएको पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुन संशोधन गर्न बनेको विधयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । निर्धारित समयभित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु।

सर्वप्रथम माननीय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय सदस्य श्री इन्द्रलाल सापकोटाज्यू

माननीय सभामुख महोदय, आज हामी पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न प्रस्तुत भएको विधयक माथिको छलफलमा जुटिरहेका छौ । बास्तवमा यतिबेला यो पारिश्रमिकको संर्दभमा, सुविधाको संर्दभमा कुरा गर्दा यो सभा समक्ष उभिएर आफ्नो कुरा राख्दा हामीले जनता मार्फत, मिडिया मार्फत बाहिर प्रकट भएका कतिपय विषयवस्तुहरु पनि हामीले मसिनो गरी हेरिरहेका छौ । यतिबेला यसको सैद्धान्तिक पक्ष माथि नमिलेका कुराहरु मिलाउने कुरा हामीले जुन निर्वाचन प्रणालीलाई अख्तियार गरिरहेका छौ, प्रतष्क्ष र समानुपातिक प्रणाली यो निर्वाचन प्रणालीले सिर्जित गरेका यी विषयवस्तुहरुलाई मिलाउने उद्देश्यका साथ आएको म देख्छु । हामी वार्ड अध्यक्ष र कार्यपालिकाको सदस्यको बीचमा हामीले विगतमा विरोध गरेका थियौ, हामीले त्यो कार्यक्षेत्र समानताको हिसावले स्याम स्टाटसको हिसावले, स्याम पोर्टोकलको हिसावले होला हामीले यसलाई समान बनाउने प्रयत्न गरेको देख्छौ । फेरि पनि यसको बारेमा कहि नकहि कोइसन उठेको छ । वास्तवमा कार्यपालिकाका सदस्य र निर्वाचित वार्ड अध्यक्ष वर्कलोडको हिसावले, भूमिकाको हिसावले स्याम स्टाटस हो कि होइन, कार्यपीलकाको सदस्य बोर्ड सदस्य को हिसावले मलाई लाग्छ, स्याम स्टाटस हो, तर वार्डभित्रको

वर्कलोडको हिसावले ५ जना वार्डमा रहने त्यसको बैठक चलाउनुपर्ने, बजेट विनियोजन गर्ने लगाएत का जुन भुमिकामा छ, तेले गर्दा केहि फरक तर समान स्टाटसमा हेर्न खोजिरहेका छौ । यले केहि केहि ठाउँबाट गुनासा, केहि केहि ठाउँबाट टिष्पणी आएका छन, यो मलाई लाग्छ, अलि गंभिरै बहस गर्नुपर्छ मलाई लाग्छ । अर्को मलाई लाको कुरा के हो भने कानुनत हामीले जिल्ला समन्वय समिति राख्यौ,, जिल्ला समन्वय समितिमा जो जो जानु भएको छ, कि हामीले कानुनत जिल्ला समन्वय समितिलाइृ अस्वीकार गर्न पर्‍यो, यसको खारेजी गर्न पर्‍यो होइन प्रोटोकलमा मध्यनजर राख्छौ भने गाउँपालिकाको अध्यक्ष भन्दा जिल्ला समन्वय समितिको उपप्रमुखलाई हामी सेवा सुविधामा तल राखेर आएका छौ । त्यसकारण मलाई लाग्छ, जिल्ला समन्वय समितिको सदस्य र कार्यपालिकाको सदस्यको बीचमा पनि हामीले बेमेल गरेर आएका छौ । यसलाई हामी कहि न कहि मिलाउनु पर्छ, दफावार छलफलको संर्दभमा यी विषयहरु उठ्ने छन । फेरि पनि मेरो भनाई के मात्रै हो भने सैद्धान्तिक विषयमाथि छलफल गरिरहदा हामीले गाउँपालिकाको अध्यक्ष उपाध्यक्षलाई गाडीका कुरा ढोका खुला गरेका छौ, हामीले ढोका खुला नगर्दा पनि गाडी चड्नु भ को छ, मेयर उपमेयरहरु गाडी चढ्नु भएको छ, ढोका खुला गर्दिउ ठीकै छ । तर जनताले सोझो आक्षेप लाउने स्थिति के छ केहि ठाउँबाट उपमेयरहरुको प्रतिकिया मैले सुन्दै छु, प्रदेश सरकारले दिएको गाडी सुविधा मैले एम्बुलेन्समा रुपान्तरण गरिदिन्छु भनेर सार्वजनिक रुपमा टिष्पणी आएका छन । मलाई लाग्छ, अर्को कुरा हामीतिर उठीरहेको छ, प्रदेश सभाका माननीय सांसदहरु हामी स्वकीय सचिवको व्यवस्था गरिरहँदा हामीले महानगर पालिका सम्म स्वकीय सचिवको व्यवस्था गरेका छौ र फेरी पनि सुविधा बढाउनका निम्ति सवैको जोडतोटले कुरा मिल्छ भनेर टिष्पणी पनि उठेका छन । त्यसकारण यो सबै कुरा यो दफावार शीर्षक माथि छलफलको कममा अलि बेशी सिरियस हामी छलफल गर्नुपर्छ यी कुरालाई मिलान गर्नुपर्छ भन्ने लाग्छ । फेरि पनि हामी सेवा सुविधा लिइरहदा हामी कामको क्षेत्रमा, भूमिकाको क्षेत्रमा हामी जनतालाई कति संतुष्टी दिन सक्छौ, कति हामीलाई पारिश्रमिक लिने कर्मचारीको रुपमा पारिश्रमिक लिने भत्ता लिने एउटा जनप्रतिनिधि होइन, समाजसेवी होइन, एउटा कतै कतै यिनीहरु पारिश्रमिक बुझ्ने एउटा पात्रको रुपमा हाम्लाई बुझ्ने गरियो भने मलाई लाग्छ यसले समाजलाई विकृत गर्ने तपाई हाम्रो ओएटलाई अझ

कमजोर बनाउने जुन हामी सामाजिक क्षेत्रमा क्रियाशील छौ, भनेर आफ्नो दावा गरिरहेका छौ, यो माथि कतै कतै प्रश्न उठ्ने संभावना पनि छ । त्यसकारण हामी यो सेवा सुविधाको कुरा गरिरहदा मिलाउने कुरा गरिरहदा मलाई लाग्छ बाहिर उठेका प्रतिक्रिया आन्तरीक ढंगले जिल्ला समन्वय समितिका सदस्य, प्रमुख, उपप्रमुखबाट उठेका प्रतिक्रिया लगाएतका सवैलाई हामी यसलाई अझै व्यवथित गर्ने, अझै परिमार्जित गर्ने कुरामा ध्यान पुर्याउनुपर्छ भन्ने लाग्छ । यति कुरा राख्दै यसको सैद्धान्तिक पक्षमाथि जुन नमिलेका कुरा तलमाथि भएका कुरा मिलाउने उद्देश्यले आएको छ, मलाई लाग्छ, अलि अलि आलोचनासित, अलिअलि टिष्पणीसँग अलि अलि बाहिर आएका प्रतिक्रियासँग मात्रै यी अर्का ढंगले मत राखेर मिलाउन आँट नगरेर चल्दैन होला, त्यसकारण सरकारले जुन प्रयत्न गर्यो यसका निम्ति धन्यवाद दिन चाहान्छु, तर यसमा धेरै कुराहरु मिलाउन पर्ने सरसर्ति पढ्दाखेरी कता कता वेमेल भएका, न प्रोटोकल मिल्छ न वर्कलोड मिल्छ कि प्रोटोकलका आधारमा मिलाउ जिल्ला समन्वय देखि सवैलाई कि वर्कलोडका आधारमा मिलाउ । मलाई लाग्छ, एउटा विधिमा टेक्नुपर्छ । हामी आफ्नो विवेक मात्रै प्रयोग गर्ने होइन, एउटा विधि, मान्यतालाई टेकेर कानुन निर्माण गर्नुपर्छ त्यो जगमा तेलाई सेरीजमा मिलाउनु पर्ने कुरा छन ती बाँकी दफावार शीर्षकमा राख्ने कुरा राख्दै मेरो भनाइ यहि अन्त गर्न चाहान्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय श्री मेखलाल श्रेष्ठज्यू

माननीय सभामुख महोदय, आज हामी यो पारिश्रमिक सुविधा सम्वन्धी केहि प्रदेश कानुन संशोधन गर्न बनेको विधयक माथि छलफलमा छौ । यो विधयक महत्वपूर्ण छ । त्यसै भएको हुनाले यसलाई गंभीर ढंगले छलफलमा जानुपर्छ भन्ने मलाई लाग्दछ । आज हामी कुन ठाउँमा उभिएर यो विषयमा छलफल गर्दैछौ र कुन समयमा हामी आज चलिरहेका छौ भन्ने कुरा यो सम्मानित सदस्यहरुले म म गर्नुपर्छ भन्ने मलाई लाग्दछ । मलाई खुशी लाग्यो सबे माननीयहरुले सहि कुरामा

आफ्नो सबै कुरालाई छोडेर जनता तर्फ फर्किनुपर्दछ भन्ने एउटा मान्यता आज यो गण्डकी प्रदेशमा उजागर हुन खोजिरहेको छ, यसमा हामी सधै यसरी नै अगाडि बढ्न सकौ भन्ने म सर्वप्रथम कामना गर्न चाहान्छु । आज हाम्रो प्रदेशका जनताहरु कुन स्थितिमा छन, प्रदेशका जनताहरुको आयश्रोत जनताहरुको चाहाना, उनीहरुको नैसर्गिक अधिकार यो प्रदेशले प्रदेशका जनप्रतिनिधिहरुले कायम गर्न सके कि सकेनौ, हामीलाई यो ठाउँमा पुर्याउदा उहाँहरुले गरेको मिहिनेत, उहाँहरुले गरेको आकाक्षां आज हामीले प्रदेशसभाले उहाँहरुलाई फर्काउन सके कि सकेनौ, त्यो कुरा पहिला हामीले बुझ्न जरुरी छ जस्तो लाग्दछ । आज हामीले जनताले हामीलाई सेवा सुविधा मात्रै तपाईहरुले लिनुस्, तपाईहरुले हामीलाई कुनै पनि सेवा सुविधा चाहिदैन भनेर हामीलाई यो संघीयता ल्याउन सघाउनु भएको होइन, र संघीय संसाद पनि बनाउनु भएको होइन भन्ने मलाई लाग्दछ । उहाँहरुको खानेपानीको समस्या, उहाँहरुको स्वास्थ माथिको समस्या स्कुलमा विधार्थीहरुले पढन नपाउने फिस तिर्न नसक्ने जुन समस्याहरु र यो वर्खायाममा भत्केका बाटाघाटाहरु समयमा सुधार नहुनाले आफ्नो बिरामी बच्चा बिरामी बाउआमा र बिरामी परिवारलाई समयमा हस्पीटलमा पुर्याउन नसक्ने समस्या ज्यूकात्यू रहिरहेका बेलामा आज हामीले जनताको सेवा गर्न भनेर जनताले हामीलाई पठाएको जनप्रतिनिधिले नै यो भएको सुविधाहरु बढी भयो भनेर जनगुनासो आइरहेको समयमा विभिन्न समय अनुसार चल्नुपर्दछ । तर त्यो समय अनुसार चल्दा हामी त्यो समयमा चल्नको लागि सक्षम भयौ कि भएनौ, भन्ने कुरालाई पनि त्यत्तिकै महत्व राख्नुपर्दछ भन्ने मेरो भनाइ छ । र मेरो दलको पनि त्यही आशय छ । यो एउटा सैद्धान्तिक छलफल भएको हुनाले केहि बिग्रि सकेको छैन, यसलाई सवभन्दा पहिला हाम्रो अर्जुन दृष्टि जनताको आकाक्षां के छ, जननिर्वाचितको होइन, जनताबाट चुनिएको र जनताले हामीलाई पठाएको हुनाले प्रदेशको जनताहरुको चाहाना के छ, उनीहरुको आवश्यकता के छ, त्यो पुरा गर्नेतिर लाग्ने हो हामी शासक होइन, हामी त सेवक भएर आएका हौ । त्यसो भएको हुनाले यो सेवा सुविधाहरु बढाउने भन्दा यो सेवा सुविधाहरुलाई कसरी पारदर्शी गराउन सकिन्छ, त्यो पारदर्शी बनाएर नियम कानुनले, आवश्यकताको दृष्टिले पुरा गर्ने गरी मात्र हुने गरी अगाडि बढ्नु पर्दछ भन्ने मलाई लाग्दछ । हो सेवा सुविधा लिनै नहुने भन्ने होइन जनप्रतिनिधि पनि मानवै हो । त्यसले पनि

खानुपर्दछ, त्यसले पनि हिड्नु पर्दछ,, तर उसले खान र हिड्न पुग्ने गरी मात्र म जनताको सेवा गर्छु भन्ने एउटा कसम खाएको हुनाले उनीहरुलाई यस् आराम गर्नको लागि यहाँ पठाइएको होइन । यो देशको विकास गर, नेपाली जनता प्रदेशको जनताहरु लाई आवश्यकता पुरा गर र पुरा गर्न सहजीकरण गर यो यिनीहरुले तेति मात्रै गर्नी हो भने यो देशको विकास हुन्छ । हामीले यो देशलाई विकास गर्यौ भने हाम्रो देशले पनि, हाम्रो प्रदेशले पनि उज्यालो अनुहार लिएर यहाँका जनताहरु अगाडि बढ्न सक्छन, भन्ने एउटा चाहाना भएको हुनाले मेले विनम्रतापुर्वक यो विधान समितिमा जाँदा त्हाँका साथीभाइहरुले त्यसलाई गहन छलफल गरेर यसलाई नियमसंगत तरीकाले जुन कुरा आएको छ, बढाइएको भएता पनि त्यसमा पनि पक्षपात भएको छ । कसैलाई अघि नै साथीले भन्नु भो, स्टाटस् हो कि, यसको कामको बोझ हो कि, के हो यो प्रक्रियागत ढंगबाट अगाडि आउनु पर्दछ । यसमा हामीले गहन रुपमा जसरी हामीले प्रदेशका जनताहरुलाई कृषिमा आधुनिकीकरण गर्ने भनेका थियौ किसानबाट हामीले करहरु उठाएका छौ । त्यो कर किसानलाई नै आधुनिकीकरण गर्न कृषिमा सष्टलोन दिएर कृषिलाई अगाडि बढाउनको सट्टा निर्वाचित पदाधिकारीहरुलाई सेवा र सुविधा यहाँ आएको छ । हो मोटरसाइकल चल्ने ठाउँमा वार्ड अध्यक्षलाई आवश्यक छ किनभने वार्डभरी घुम्नु पर्दछ । एउटा मेयर सम्मलाई गाडीको व्यवस्था ठीकै थियो। अब त हुदा हुदा पनि उपमेयरलाई पनि गाडीको व्यवस्था गर्ने उपाध्यक्षलाई पनि गाडीको व्यवस्था गर्दा गर्दे त्यसो भए त माननीयलाई गर्नपर्छ भन्ने कुरा भोली आउन सक्छ । त्यसो भएको हुनाले हामीले समयमा नै आवश्यकता कति छ, कहाँ साइकल चडेर पुग्छ, कहाँ गाडी नभई हुदैन, कहाँ एम्वुलेन्स नभइ भएको छैन, कहाँ स्काभेटरको आवश्यकता छ, त्यही हिसावले आवश्यकताको सिद्धान्तलाई आधार मानेर एउटा नीतिमा टेकेर त्यसको सेवा सुविधा अगाडि बढाउन सकियो र आयश्रोतलाई बढाउनको लागि हामीले महत्वपूर्ण भूमिका खेलियो भने विकसित मुलुकहरुमा साधारण जनताको पनि भत्ता कायम गरिसकिएको छ । हामी सवै सांसदहरु, नगरपालिकाका प्रमुख, उपप्रमुख वा सदस्य देखि कार्यकारीहरु र सबै जनता मिलेर गण्डकी प्रदेशलाई यस्तो प्रदेश बनाउ जहाँ प्रतिव्यक्ति आय दश हजार, पन्ध्रहजार होस् । त्यसपछि यहाँको विकासले एउटा ठुलो फड्को मारोस्, त्यसपछि हामीले निर्वाचित पदाधिकारीहरुलाई निर्वाचित कुनै पनि व्यक्तिलाई

सुविधा लिदा जनताले औलो ठड्याउने छैनन । अन्यथा हामीहरुले यो जुन आफ्नो हिसावले सुविधाहरु बढाउदै लाने र स्थानिय निकायहरुको सुविधाहरु बढाउदै लादा जनताहरुमा वितृष्णा पैदा भएर हामी माथि अविश्वासको सिर्जना अविश्वास पैदा हुने एउटा त्यस्तो प्रकृतिको वातावरण बन्न नदिउ, बरु नेपाली जनताको प्रदेशको जनताको यो सेवा सुविधाबाट के दिन सकिन्छ, तपाईहरु महानगरपालिकाको प्रमुख र उपप्रमुखलाई दिइने सुविधा, वार्डका सदस्यहरुलाई, कार्यकारीलाई दिइने सुविधाबाट यो महानगरपालिकाको चोक चोकमा एउटा शौचालयको व्यवस्था गरिदिउ त्यो शोचालयलाई राम्रो तरीकाबाट चलायौ भने यहाँ आउने पर्यटकले पनि धन्यवाद दिनेछन, र यहाँ वरिपरि हाम्रो दाज्युभाइहरु यो महानगरपालिकामा आउदा उहाँहरुले कति राम्रो गण्डकी प्रदेशले यो पोखरा महानगरपालिकाले राम्रो व्यवस्था गरेछ भन्ने कुराहरु लिएर जानु हुनेछ र यो महानगरपालिकाको त्यही हिसावले बखान गर्नेछन, त्यसरी नै गाउँपालिका, नगरपालिकामा दिइने सुविधाहरुलाई कटौती गरेर त्यहाँको अमुख र तहाको पीडित वर्गलाई केहि पैसाबाट केहि रकम उपलब्ध गराएर उनीहरुको जीविकोपार्जन गर्नको लागि यो पैसा लगानी गर्नको लागि बचत गरौ, प्रदेशको विकास र प्रदेशको लगानी बढाएर यहाँको उत्पादनलाई अझै अगाडि बढाएर यहाको आयश्रोतलाई बढाउनेतिर लगाऔ नकि हाम्रो सेवा सुविधा बढाउने गाउँपालिका, नगरपालिकाका सदस्यहरुको सेवा सुविधा बढाउने तिर जुन यो एउटा विधयक आएको छ, यसमा विधायन समितिमा जाँदा अहंम रुपमा छलफल गरेर यसलाई सुधार्नु पर्दछ । यसलाई सुधारेर प्रदेशको जनताहरुको निनाउरो भएको अनुहारलाई उज्यालो बनाउन पट्टी हामी लाग्नु पर्दछ, र आवश्यकता अनुसार यो सेवा सुविधा बढाउदाखेरी त्यसमा सबैलाई सुहाउने नीतिगत रुपमा जो माथिल्लो स्टाटस छ भने स्टाटसलाई कायम गराउ र कामको भुमिका जस्तै वार्ड अध्यक्षको भुमिका बढी छ भने त्यसैलाई एउटा नीतिमा ल्याएर तेहि अनुसारको गर्न जरुरी छ यसमा नेपाली काँग्रेसको पाटीको यसमा हामीले केहि न केहि चेन्ज हुनुपर्दछ, नेपाली जनताको प्रदेशको जनताको आवश्यकता पुरा गर्नुपर्दछ न कि सेवा सुविधा बढाउन हुदैन भन्ने पक्षमा आफ्नो मत राख्दै विदा हुन्छु । हवस् धन्यवाद । जयनेपाल ।

**माननीय सभामुखज्यू**

माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय श्री हरिशरण आचार्यज्यू

हामीले माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानजी ले जुन विषयवस्तु जुन पारिश्रमिक सुविधा संवन्धि संशोधन गर्न बनेका विषयवस्तुहरु जो राख्नु भा छ विधयकको रुपमा र मैले यो हेर्दे गर्दाखेरी सबभन्दा अगाडि म उहाँलाई कोइसन गर्न चाहान्छु यो के हो ? साच्चै यसको अर्थ के हो, यदि यो आउनु नै थियो भने छलफलको के अर्थ । यदि यो छलफल गरिसके पछि सरकारले ल्याएर त्यसलाई राजपत्रमा प्रकाशन गर्ने कुरा हुन्थ्यो होला अथवा त्यो गरेको भए पनि हुन्थ्यो होला । किन हतारो गर्देछ, यो संसदलाई बेकुब किन बनाउदै छ, म सवभन्दा पहिला यो कोइसन गर्न चाहान्छु । साच्चै यो संसद एउटा भेडाबाख्रा पालेको खोर हो ? साच्चै यो संसदलाई हिजो तपाईहरु त कम्युनिष्ट पार्टीको सदस्यहरु तपाईहरुले कम्निष्ट पार्टीको एउटा अग्रपंत्तीमा आफुलाई उभ्याउनु भएको मान्नु हुन्छ ? आज त्यो त्यही भेडाबाख्रा थुनेको एउटा खोरको रुपमा संसदलाई चरिथार्थ गर्ने हो भने यो छलफलको कुनै अर्थ छैन, त्यसैले यो भन्दा अगाडि यो पछाडि आउनु पर्थ्यो, तर छलफल जुन अगाडि आज जुन भैराखेको छ त्यो टुंगीन दिनु पर्थ्यो मेरो माग यहाँ छ र अर्को जो जे होस यो छलफल हामीले यसो हेर्दाखेरी सार्वजनिक रुपमा जनतालाई सुनाउन गरिदिए जस्तो अनि हाम्रो यसो सासंद भई टोपलिएर लोगो लगाएको मान्यता राखिएको जस्तो, यो प्रकारको यो प्रकृतिको संसद बनाइने हो भने सरकारले त्यही सिधै घोषणा गरे हुन्छ विधयक संसदमा ल्याइराख्नु कुनै जरुरी छैन । के कारणले ल्याउनु पऱ्यो यो विधयक, के कारणले संशोधन गर्नु पऱ्यो ? के अथै छ यस्को, त्यसैले कम्तीमा यो संसदको मुल्य मान्यता त राखिदिनुस्, यदि होइन भने आजै हामीले अटोक्रयाटिक ढंगले घोषणा गरौ यो सरकार चलायौ भनेर घोषणा गरिदिए भै गयो नि । के अर्थ छ, लोकतन्त्रको त्यसैले म सवभन्दा अगाडि मन्त्रीज्युलाई यो विषयवस्तु स्पष्ट पारिदिन अनुरोध गर्न चाहान्छु । र अर्को कुरा जो पारिश्रमिकको रुपमा ल्याइएको छ वास्तवमा सरकारले यो संघीयता विरोधी हर्कत गरिराखेको छ कि भन्ने मेरो बभ्काई छ । साच्चै भन्ने हो भने सुविधा थप्दै जाने जनता अरु धेरै

सांसद र अरु पद र अरु प्रतिष्ठा लिइराख्ने मान्छेहरुलाई घृणा गर्दे जाने अनि त्यो व्यवस्था प्रतिको घृणा बढ्दै जान्छ र त्यो भित्र जनतालाई सुविधा दिन सकौ न हामीले । सक्छौ हामीले पहिला जनतालाई सुविधा दिएर, त्यो माया र सम्मान दिएर अनि बल्ल हामीले सम्मान लिने कुरा सुहाउँछ । म अहिले पनि राख्न चाहान्छु, हामी पारिश्रमिक थप्दै जाने अर्कोतिर जनता घृणा र आक्रोशित बन्दै जाने अनि त्यो बिचबाट हाम्रो यो संघीयत टिक्न संभव छ , आज हामी त यो ५ वर्ष कसरी टिकाउछौ भन्ने यो संघीयताको यो मर्म यो बोध हामी किन भैराखेको छ भने हामी अझ अरु साच्चै मलाई त लाग्छ , यो एक, दुई वर्ष पनि नटिक्ला जस्तो अर्को एउटा विद्रोहले त्यसलाई फाल्देला जस्तो यस्तो प्रकारको एउटा आशंका मलाई पैदा भइराखेको छ । त्यसैले हामी यो सुविधा थप तिर होइन, जनतालाई सुविधा दिने तिर जाउँ आज स्थानिय तहका सेवा सुविधा हामी हेरौ, स्थानिय तहमा दिन दिन भ्रष्टाचारको सुची बढदैछ । तथ्यांक बढ्दै छ अनि हामी एकतिर अर्कोतिर चाहि फेरि सुविधा थप्दैछौ । अनि हामी सांसदहरुको कामकारवाहीलाई अहिलेसम्म निश्चित गर्न सकिराखेका छैनौ। अनि हाम्रा सेवा सुविधा थप गरिराखेका छौ । यसले कहाँनेर पुर्‍याउछ ? हामी सहि ठाउँमा पुग्दै छौ या गलत ठाउँमा पुग्दैछौ ? हामी हाम्रा कार्यभारहरु निश्चित गरौ पहिला त्यो कार्यभार पछि कति सुविधा चाहिन्छ त्यस पछाडि घोषणा गरौ । हाम्रो कार्यभार कहाँछ, हाम्रो कुनै ठाउँको अनुगमन गर्न जाने कुनै कार्यभार हाम्लाई छ? त्यसको निश्चित गरिएको छ ? अनि स्थानिय तहको सवै सदस्यको कार्यपालिकाको वडा अध्यक्षको सवैको बरावर बनाइएको छ । अनि कार्यपालिका सदस्य हेर्नुस् त, कार्यपालिका सदस्यले गए पनि भयो नगए पनि भयो । उपस्थित भए पनि भयो, नभएपनि भयो । तर वडा अध्यक्षले त सिग्नेचर गर्न अनिवार्य उपस्थित हुनपर्छ । अनि अनिवार्य उपस्थित हुनुपर्नेलाई पनि एउटै सुविधा , के गर्दे हुनुहुन्छ, यो न्याय गर्दे हुनुहुन्छ या अन्याय गर्दे हुनुहुन्छ ? यो अन्याय हो, अन्यायमा चलेको मुलुक हो भने त ठीकै गर्नु भो भन्नु पर्‍यो, होइन भने न्यायपूर्ण ढंगले यसलाई न्यायचित ढंगले अथवा सेवा सुविधा पुर्‍याउन खोज्नु भा छ भने यसो अलिकति कम्तीमा फर्केर त हेरिदिनुस् । कम्तिमा ठीक ढंगले ठन्डा दिमागले सोचिदिनु कि कम्तिमा यो सरकारले ठीक ढंगले काम गरेछ भन्ने जनताले सोचुन । त्यसैले म अहिले पनि

राख्न चाहान्छु, कि हामीलाई भेडाबाखा बनाउने होइन, कम्तिमा यो सदनलाई सम्मानित सदनमा बदल्न सरकारसँग आग्रह गर्न चाहान्छु । धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री मन कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय सदस्य श्री मन कुमारी गुरुङज्यु

माननीय सभामुख महोदय, यस गरिमामय सदनमा आज पारिश्रमिक र सुविधा सम्वन्धी केहि प्रदेश कानुन संशोधन गर्न बनेको विधयक माथि सैद्धान्तिक छलफलको कममा हामी छौ र मलाई लाग्छ, यो हामीले अव यो मुलुक संघीयतामा गएको पनि यतिको समय भैसक्यो । यो पटक पटक कानुन संशोधन गर्दै गर्दाखेरी हाम्रो यो सदनको कतिको मुल्य मान्यता हुन्छ भन्ने एउटा प्रश्न गर्न चाहान्छु । ह अ पटक पटक स.शोधन गरिराख्दाखेरी हाम्रो यो सदनको ओयट गरुङो हुन्छ कि हलुन्गो हुन्छ हैन, त्यो सरकारले बुझ्नुपर्ने कुरा हो । हामी त पहिला पनि म व्यक्तिगत कुरा गर्न चाहान्छु, पहिला पनि यो कार्यपालिकाको गाउँ कार्यपालिका र नगर कार्यपालिका को सदस्यहरुलाई वडाको अध्यक्ष सरह त्यहि वेलामा गरिदिनपर्छ यदि साच्चेको श्रमको मुल्यांकन गर्नि अथवा त्यसमा एउटा प्रोटोकलको हिसावमा एउटै सभामा बसेर त्यो प्रोटोकलको हिसाव गर्ने हो भने एउटा सम्मान दिने हो भने हाम्ले त्यो पहिल्यै नै गर्नुपर्ने थियो । हैन अब करिव करिव ३ वर्षमा लागि सकेको छ, यो स्थानिय तहको ३ वर्षमा प्रवेश गरिसकेको छ । उपाध्यक्षहरुको लागि पनि यो महिला प्रायजसो सबै दलले गाउँपालिकामा, नगरपालिकामा उपमेयर र उपाध्यक्षमा पुरुष नभइकन धेरै जसो महिला भएको हुनाले पनि र म एउटा महिला भएको नाताले पनि म के भन्न चाहान्छु भने पहिल्यै नै हाम्रो महिला उपाध्यक्षहरुले धेरैले गुनासो गरिराखेको थियो हामी पनि पुरुष सरह भएन पक्षपात गर्‍यो प्रदेशसभाले भनेर । कि पहिल्यै नै यो सेवासुविधामा पहिल्यै नै समान गरिदिएको भएपनि हुन्थ्यो । हैन करिव करिव अब बिचतिर आएर अहिले जनताले के हेरिराखेको अवस्था छ भने यो प्रदेशले हाम्रो प्रदेशले कत्तिको समृद्धि हासिल गर्‍यो, जनताको जीवनस्तर कति उठ्यो, कति विकास गरयो हैन, विकासमा विनियोजित

भएको बजेटहरु कति खर्च भयो, र कतिको मुहार चेन्ज भयो । हामीले यो प्रदेश सभाले गरेको ५ वर्षे मास्टर प्लानिङमा जनताको जीवनस्तर कति उठ्यो, कति विकास भो, जनताले कति सुख उपभोग गर्न सकेको छ, हामीले ल्याएको पहिलो वर्षको यो कार्यक्रमहरु कति संपन्न भयो त ? भन्नेतिर लाग्नु पर्थ्यो हैन, हाम्रो प्रदेश सभाले पनि २ वर्षको त बजेट विनियोजन गरिसकेको अवस्था छ । पहिलो वर्षमा नै हाम्रो यो प्रदेश यस्तो हुनेछ भनेर ल्याइसकेको अवस्था छ । त्यसैकारणले जनताले अहिले कसको सुविधा कति हुन्छ , कसको श्रम कति हुन्छ, भन्ने तर्फ भन्दा पनि यो प्रदेशले कतिको जनताको मुहार चेन्ज गर्न सकिन्छ, जनताको कतिको आत्माविश्वास दिन सकिन्छ, जनतालाई कहाँतिर डोराउन लान सकिन्छ, यो ५ वर्षमा हामीलाई के हो त आधार ? भन्ने तर्फ अहिले जनताले हरेक गाउँमा बसेर दुरदराजमा रहेका जनताले पनि यो प्रदेश सरकारले के गरिराखेको छ त ? यो गण्डकी प्रदेशले कहाँसम्म फड्को मारेको छ ? विकासको काम देखि लिएर जनताको प्रतिव्यक्ती आय कतिको बढी भएको छ ? हैन हामीले सुखी नेपाली र समृद्ध नेपालको नारा बोकेर हिड्नी हैन हाम्रो जनताले कति सुख पाएका छन, भन्ने तर्फ चाहि प्रश्न त्यहानेर छ । त्यसैकारणले श्रमसँग राजनीति गर्ने व्यक्तिहरु र सबै जनताको यो सामाजिक अभियान्तहरु र जनताको अगुवाइ गर्ने र हिड्ने प्रत्येक व्यक्तिहरुको श्रमसँग यदि मूल्यांकन गर्ने हो भने तराजुमा श्रमको यो अहिले जति पनि जनप्रतिनिधिहरुलाई श्रमको मूल्य भनेर मूल्य निर्धारण गरिएको छ , त्यो मूल्य र जनप्रतिनिधिहरुले विचार बोकेर समाज परिवर्तन गर्ने भनेर एउटा विचारलाई, एउटा दर्शनलाई अगाडि लिएर हिडेको अगुवाई कर्मीहरुको तुलोमा हालेर जोख्न मिल्दैन । यो श्रमको मूल्य र कतिको त्याग तपस्या गरेको छ त, कतिले परिवार गुमाएको छ, कतिले आफ्नो सिंदूर पुछेको छ, कतिले आफनो बालवच्च गुमाएको छ, कतिले घरवारविहीन भएर जग्गाजमीन सव बेचेर सडकमा आएको अवस्था पनि छ । त्यो त एउटा त्याग हो त्यस्को मुल्यांकन हुदैन । मैले के भन्न चाहान्छु भने सभामुख महोदय, यदि साच्चीकै श्रमको मुल्यांकन गर्नी हो भने यो अहिले जति पनि भएको सुविधा त्यसले हुदैन । त्यसकारण यो पटक पटक संशोधन गर्न पनि जरुरत थिएन, पहिल्यै पनि गरेको भए, पहिल्यै पनि हाम्रले कुरा उठाइराखेका थियौ कार्यपालिका सदस्य र वडा को अध्यक्षको एउटै सभामा बसेर, एउटै हैसियत हो उनीहरुको त्यसकारणले एउटै हैसियत मा व्याख्या भए अनुसार

त्यो बेलामा १८००० बनाइदिनुपर्छ त्यहीबेलामा बनाइदिएको भए हुन्थ्यो तर अहिले आएर ल ठीकै छ, हैन तर अहिले जिल्ला समन्वय समितीको हकमा पनि त्यो एउटा कुन ओहोदामा बसेको छ, जिल्ला समन्वय समिति भनेको प्रत्येक गाउँपालिका, नगरपालिकाको मेयर, उपमेयर, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्षहरुले भोट हालेर बनाएको एउटा सभा हो हैन । जिल्ला समन्वय कि चाहिदैन भन्न ठीक, हैन पारिश्रमिक बढाइसकेपछि सेवा सुविधा बढाइसकेपछि जिल्ला समन्वय समितिलाई पनि उनीहरुको एउटा मूल्य हुने गरेर उनीहरुलाई एउटा पहिचान हुने गरेर हैन त्यसकारणले त्यसलाई थोरै अब कार्यपालिकाको सदस्यको १८००० भनेपछि १८५००, १०० बढी गरिदिएको भएपनि जिल्ला समन्वयको पनि एउटा बस्थ्यो होला मत । उनीहरुलाई पनि संवोधन म हाम्लाई र फोन गर्दे गर्दा सबै टोटल टोटल भन्दाखेरी जिल्ला समन्वयकोले चाहि हैन प्रदेशले के गरिराखेको होला, कि त भन हाम्लाई नदिएपनि हुन्थ्यो हामी त अहिले सम्म तलव सुविधा भत्ता खाने भनेर अगाडि बढेको पनि होइन, एउटा दर्शन, एउटा विचार बोकेर अगाडि बढेको हो, बरु हाम्लाई एक रुपैया पनि नदिए त्यसमा संतुष्ट थियौ तर कार्यपलिकाको एउटा सदस्य भन्दा पनि एउटा जिल्ला समन्वय सदस्यलाई एउटा आफ्नो हैसियत एउटा प्रोटोकल भएन त्यसमा हाम्लाई पारिश्रमिक भन्दा पनि हाम्रो अपमान भयो है भनिराखेको अवस्था छ र मेरो पनि त्यहि हो । किनभने जिल्ला समन्वय समितिलाई संशोधन नगर्नु थियो भयो । स.शोधन नगर्नु पर्ने थियो हामी स.शोधन नगर्ने पक्षमा थियौ तर नगर्नु थियो भयो भइसकेपछि जिल्ला समन्वयलाई पनि आफ्नो हैसियत अनुसार गाउँपालिकाको प्रमुख, उपप्रमुख भोटर हुने गरेर त्यो समिति त्यो सभा बनाइएको हुनाले पनि त्यसको थोरै मूल्य राखिदिए भए हुन्थ्यो भन्न चाहान्छु र यो जुन सैद्धान्तिक छलफल जुन यो सदनमा ल्याएको छ यो पनि के हो भने लगन पछिको पोते हैन लगन पछिको एउटा बेहुलीलाई लगन बिति सकेको छ, त्यो लगन पछिको पोते जस्तै भैराखेको अवस्था छ । हैन अघि नै हाम्रो हरिशरण आचार्य माननीयज्यूले पनि भनि सक्नु भयो । त्यसैकारणले हाम्रो सदन हाम्रो प्रदेश सभा ले कतिको ओएट बोकेको छ त जुनसुकै कुरा निर्णय गर्दे गर्दाखेरी हामीले एकदमै विचार पुर्‍याउनुपर्छ भन्ने मेरो एकदमै सल्लाह सुझाव छ । हामीले जनताले कसि लाउन पर्ने हो कि, कसी लाउन नपर्ने हो कि, हाम्रोले के अपेक्षा

गरेका थियौ भने यो सवाल चाहि एक नम्वरी सुन हो, यसलाई कसी लाउन पर्दैन भन्ने मा थियौ तर यो भएन । त्यसैकारण पटक पटक यसको संशोधनको कामहरु नआउने गरेर जिल्ला समन्वयलाई बरु एक सय भन्दा बढी राखेर एउटा पदीय हैसियत कायम गरिदिएको भए अझ राम्रो हुने थियो । सशोधन नगर्न गरिसके पछि भन्न चाहान्छु र यो प्रदेश सरकारलाई सबैले भन्थे पोखरा एकदमै महंगो ठाउँ हो भनेर हैन । तर गण्डकी प्रदेशको सरकारलाई यो पोखरा महंगी बढेको छैन है, यो सस्तो नै छ लागेको रैछ, त्यसमा पनि मलाई एकदमै खुशी लागेको छ । सबैलाई सबै ठाउँमा महंगी बढेछ तर पोखरामा महंगी बढेको छैन रैछ, सायद अब महंगी व्यवस्थापन हुन्छ कि, त्यसकारणले योतिर भन्दै र यो अविरल वर्षाको कारण अहिले जतिपनि जनताहरु ले ज्यान गुमाएको छ, बेपत्ता भएको छ, र घाइते अवस्थामा छ, र यो सबैप्रति चाही ज्यान गुमाएका प्रति श्रद्धासुमन व्यक्त गर्दै र घाइते प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै र ह यो संशोधन लगन पछिको पोते भएको भाव व्यक्त गर्दै विदा हुन्छु, हवस् धन्यवाद । जयनेपाल ।

## माननीय सभामुखज्यू

माननीय श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय श्री आशा कोइरालाज्यू

माननीय सभामुख महोदय, आज हामी यो पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक माथि सैद्धान्तिक छलफलमा गइरहेका छौ । यो विधयकको विषयमा भन्नु पर्दा विधयक राजपत्र सँगसँगै आएको र यो अलिकति अन्तरविरोध देखियो । तर राजपत्रमा नपरेका विषयहरु ऐनमा आएको हुनाले यो अस्वभाविक छैन र जहाँसम्म प्रदेश सरकारलाई ऐनमा भएको कुराहरुलाई संशोधन गर्ने अधिकार हाम्ले दिएको हुनाले यो स्वभाविक छ भन्ने मलाई लाग्छ । त्यसकारण यो विषयमा प्रश्न उठाउनुपर्छ जस्तो त मलाई लागेन । तर जहाँसम्म अहिले सबैको धारणा अधिकांशको बोल्ने कुरा चाहि हाम्रा जनप्रतिनिधिहरु स्वयम सेवक हुन, तलव भत्ता सुविधा केही पनि नलिउन, राम्रोसँग काम गरुन भन्ने आम बुझाइ छ । यो असाध्य राम्रो कुरा हो । तर हरेक

जनप्रतिनिधिले नखाइकन, नहिडिकन भनेका ठाउँमा पुग्ने र मन लागेका कामहरु जनताका आवश्यकता र समस्याहरु पूरा गर्न सक्ने भएदेखि असाध्य राम्रो हुन्थ्यो त्यो कुराको हामी कल्पना गरौं । तर आर्दशको लागि भन्नका लागि आर्दश वाणीहरु व्यक्त गर्ने व्यवहारमा काममा जादाखेरीका व्यवहारीक कुराहरुको बारेमा अप्रत्यक्ष ढंगबाट सेवा सुविधाहरु लिने यो खालको परिपाटी जनप्रतिनिधिहरुमा पनि हुनु हुदैन । हामी पारदर्शी पनि हुनुपर्छ, हामी आर्दशमा मात्र होइन, यथार्थ र तथ्यको आधारमा हामीले लिने सेवा सुविधा बरु जनताले छर्लङ देख्न पाउनुपर्छ र कामको जिम्मेवारी अनुसार आफ्नो भुमिका निर्वाह गर्नको लागि आवश्यक पर्ने सेवा सुविधा जनप्रतिनिधिको लागि पनि चाहिन्छ । त्यो कुरा भन्नको लागि सबै जना सक्नुहुन्न हिर्चकिचाउनु  हुन्छ किनभने लोकप्रियताको लागि सुविधा लिन्न भन्नेहरु पनि हामीले देखेका छौ । पारिश्रमिक लिन्न भन्ने तर पाएको पारिश्रमिक जनतालाई दिन्छु भनेर बाढ्दै हिड्ने कामरेडहरु अथवा हाम्रा माननीयज्यूहरु पनि हाम्ले देख्याछौ । तर कति समय सम्म उहाँले सक्नुहुन्छ, कहाँबाट ल्याएर गर्नुहुन्छ त किनभने खानलाउन र यताउति हिड्नको लागि त आवश्यक खर्च अवश्य चाहिन्छ । त्यो कुरा मैले नबुझेको हुनाले यो विषयमा पनि म त स्पष्ट हुन चाहिरहेको छु धेरै पहिलादेखि । अर्कोतिर आवश्यकताको आधारमा हामीलाई आवश्यकताका आधारमा सेवासुविधा चाहिन्छ भनिराका छन, तिनीहरु आलोचित भैराका छन । र यस्तो खालको आवाजहरुलाई त्यही कारणले मैले भन्छु कि, आर्दशले होइन राज्य यथार्थ तथ्यको आधारमा चल्नुपर्छ सेवा सुविधा पनि त्यही आधारमा हुनुपर्छ विरोधको लागि विरोध मात्रै मैले चाहि स्वभाविक ठान्दिन । जहासम्म यो मापदण्ड राज्यले ल्याएको छ, यो सेवासुविधाको यो बीचमा पनि मैले कुनै आधार र मापदण्ड देखिन । जुन ढंगले सेवा सुविधा निर्धारण गरियो , त्यसको आधार र मापदण्ड के हो , त्यो विषयमा चाहि प्रदेश सरकारले स्पष्ट पार्न जरुरी छ । र यो सदनलाई जानकारी गराउने छ भन्ने कुरामा पनि म आशावादी छु । जहाँसम्म स्थानिय तहका प्रमुखहरुलाई सवारी सुविधा पहिला पनि थियो, उपाध्यक्ष, उपप्रमुखहरुको लागि अहिले सुविधा उपलव्ध गराइएको छ, यो आवश्यक थियो र जाहेज छ । किनभने अधिकांश उपाध्यक्ष र उपप्रमुखहरु महिला हुनुहुन्थ्यो, न्यायीक समितिको समेत जिम्मेवारी उहाँले निर्वाह गरिराख्नु भाको छ । हामीले देखेका छौं, अदालत र आफ्नो कार्यालय भवनमा गाउँपीलकाको कार्यालय भवनमा उहाँले

दिनमा पनि दुइचार चोटी ओहोरदोहर गरिराख्नु भाको छ । र जनताले बोलाएको बेला जनताका हरेक कामहरुमा जहा बोलाउछन त्यो ठाउँमा उपस्थित हुन पर्नेछ । त्यसकारण यसलाई मैले आवश्यक पनि ठानेको हो र यो संशोधन गर्न जायज पनि देखेको छु । महानगरका प्रमुख र उपप्रमुखको स्वकिय सचिवको व्यवस्था पनि असान्र्दभिक छैन त्यो पनि सान्र्दभिक छ । जहाँसम्म हाम्रोप्रदेश सभा सदस्यको सेवा सुविधाको कुरा गर्दाखेरी अहिले प्रदेश सभामा लगभग ५,६ वटा तह देखिएको छ । सभामुख, उपसभामुख, विपक्षी दलको नेता दोश्रो तहमा प्रमुख सचेतक तेश्रो, सभापतिहरु चौथो, सचेतकहरु पाँचौ र सदस्यहरु छैठौ तहमा । सदस्यहरु छैठौ तहमा हुनुहुन्छ, उहाँहरुको पनि तलव सुविधा छैटौ तहकै तलवमान यहाँ कायम गरिएको छ । र अन्य सेवा सुविधाको पनि यहाँ निर्धारण गरिएको छ । त्यसरी निर्धारण गर्दा प्रदेश सभाका सदस्यहरुको लागि बैठकमा आउदाको दिनमा ७५० रुपैया भत्ता निर्धारण गरिएको छ, यो शुरुदेखिको व्यवस्था हो । अहिले जनताको बझाई हामी प्रदेश सभाका सदस्य अथवा सायद त्यो प्रतिनिधि सभा र राष्ट्रिय सभाका प्रतिनिधिहरुको पनि स्थिति एउटै हो । ७५० रुपैया यातायात खर्च बैठकमा आउ, बैठकमा बस र घर जाउँ । अरु खास भूमिका निर्वाह गर्न पर्दैन । ऐन कानुन बनाउने तिम्रो काम हो । हामीलाई यो सेवा सुविधा र यसले निर्धारण गरेको छ । यहि भनेको छ, मैले बुझेको । सबैको बुझाईमा यहि होला । तर जनताको बुझाईमा नियम कानुन पनि तिमले राम्रो बुझाउँ, हाम्रो आवश्यकता र समस्या जहाँ जतिबेला पर्छ त्यो ठाउँमा तिमि स्पोर्टमा गएर बुझ, विकास निर्माणका कामहरु तिमीले गर, योजना बनाउँ, अनुगमन गर, निरीक्षण गर हामीलाई समयमा जानकारी देउ, आपतविपत पर्दा समयमा तिमी उपस्थित होउ जहाँ पनि त्यो खालको अपेक्षा जनताको छ । त्यही भनेर भोट मागेर निर्वाचित भएर यो संसदमा सायद सबैजना आउनु भएको छ । त्यसकारण त्यो सबै जनताको आवश्यकता चाहानालाई संवोधन गर्न तपाईको भूमिकालाई प्रभावकारी बनाउन के आर्दशले मात्रै चल्छ र ? त्यसकारण प्रदेश सभा, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरुलाई समेत सवारी सुविधा आवश्यक पर्ने मैले देखेको छु । अस्वभाविक लाग्ला सबैजनालाई किनभने मैले पत्राकारहरुलाई पनि देखिराको छु, उहाँहरुले लेख्नुहोला सुविधाको माग गर्नुभो, गाडीको माग प्रदेश सभाका सदस्यहरुले भनेर । तर उहाँहरुको अधिकार हो लेख्न पाउनु हुन्छ । तर न्यायोचित छ कि छैन कि गाउँ

र नगर कार्यपालिकाका प्रमुख उपप्रमुखहरुले सवारी साधनले आफ्नो कामहरु गरिरहेको बेला वडा अध्यक्षहरुले पनि सवारी साधन पाइरहेको बेला के यी जनप्रतिनिधिहरु आफ्नो भूमिकाबाट सुविधाकै कारण आफ्नो भूमिका निर्वाह गर्नबाट बंचित हुनुपर्ने हो ? यो विषय जाहेज छ कि छैन, गंभिरतापूर्वक चिन्तन मनन गरेर सबैजनाले सोच्न सरकारलाई पनि यतातर्फ ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख मार्फत । र पत्राकार जगत र आम जनसमुदाय लाई समेत यो विषयमा आफ्नो सुझाव सल्लाह दिनको लागि म हार्दिक अनुरोध गर्न चाहान्छु । र अन्तमा म फेरि पनि म भन्न चाहान्छु, यो सेवा सुविधा प्राप्त भए पनि नभए पनि हुनत हामीले दुख कष्ट गरेर भएकाले त्यो सुविधा आफैले उपयोग गरेर आफैले उपलब्ध गराएर नभएपनि विभिन्न कारणले जनताको सेवामा त खट्नैपर्छ । तर कामलाई प्रभावकारी भयो भने छिटो हामीले काम गर्न पनि जति सेवासुविधा भनेको अति आवश्यक सेवा सुविधा सेवा सुविधा आरामदायी र विलासीको कुरा मैले गरिरहेको छैन। अति आवश्यक सेवा सुविधा सबैलाई चाहिन्छ। त्यसकारण आर्दश र यथार्थलाई राम्रोसँग वोध गरेर मात्र बोल्नको लागि र प्रत्यक्ष र अप्रत्यक्ष ढंगले ग्रैर भुमिका निर्वाह गरेर होइन, स्पष्ट रुपमा आफ्ना विचारहरु राख्नका लागि र त्यही खालको व्यवहार गर्नको लागि संपूर्ण हाम्रा माननीयज्यूहरु र प्रदेश सरकारलाई समेत माननीय सभामुख मार्फत ध्यानाकर्षण गराउदै मेरो भनाई अन्त्य गर्दछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, प्रदेश सभामा पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुन संशोधन गर्न बनेको विधयक प्रस्तुत भएको छ र यस माथि हामी सैद्धान्तिक छलफल गरिराखेका छौ र विधयक हामीले सदनको निम्ति प्रस्तुत गर्नुको आवश्यकता औचित्यको कुरा हामी सैद्धान्तिक छलफलमा मूख्य रुपमा गर्छौ । यसमा मुख्य विषयहरु स्थानिय तहको संर्दभमा हामीले खास गरी सवारी साधनको

सुविधाको संर्दभमा प्रमुख तथा अध्यक्षलाई सवारी साधन उपलव्ध गराइनेछ, भनेर उल्लेख गरेका छौ । हामीले ठानेका थियौ, त्यो सवारी साधन आवश्यकता अनुसार प्रयोग हुनेछ । स्थानिय तहको आफ्नै श्रोत साधन बाट खरिद गर्ने कुरा हो । र त्यहाँको आवश्यकता अनुसार त्यो प्रयोग हुनेछ । त्यो अध्यक्ष कसैको नाम त उल्लेख गर्न कानुन बनाउन जरुरी भयो, तर त्यसको प्रयोग भने आवश्यकता अनुसार हुनेछ त्यहाँ उपाध्यक्षले पनि त्यहाँ अध्यक्ष भनिदा भनिदै पनि उपाध्यक्षले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्नु हुनेछ गर्नु हुनेछ, प्रमुख भनेको ठाउँमा उपप्रमुखले पनि आवश्यकता अनुसार प्रयोग गर्नु हुनेछ भनि ठानेका थियौ । तर पटक पटक प्रदेश सरकारमा सायद हामी सबै प्रदेश सभाका माननीय सदस्यहरु समक्ष त्यो त्यसरी व्यवहार नभएको कुरा त्यसरी प्रयोग हुन नसकेको कुरा पटक पटक आयो । त्यसकारण अब यसलाई अलि फराकिलो बनाइदिनुपर्छ आखिर सवारी साधनको प्रयोग गर्ने कि नगर्ने भन्ने कुरा आफ्नो अर्थात स्थानिय तहको श्रोत र साधनले प्रदेश सरकारको पनि श्रोत र साधनले कति दिन्छ दिदैन त्यसको मुल्यांकन स्थानिय तहले अर्थात स्वयम प्रदेश सरकारले गर्ने कुरा हो । तर कता कता बुझाई म मिडियाहरुमा देख्दा के देख्छु भने प्रदेश सरकारले यो ऐन पारित गर्‍यो अब प्रदेश सरकारले उपप्रमुख उपाध्यक्षहरुलाई सवारी साधन उपलव्ध गराइदिदै छ भने झै बुझाई हुन पुगेको छ । हामीले कानुनी रुपमा एउटा ढोका खोलिदिएको हो । त्यहाँको आवश्यकतालाई संवोधन गर्नको निम्ति । त्यसकारण त्यहीको श्रोत साधनबाट खरिद गर्ने हो, र त्यहीको श्रोत साधनले भ्याउछ भने त्यहाँको आवश्यकता हो र त्यहाँको श्रोत साधनले भ्याउछ भने गर्न सकिने एउटा बाटो खुला गरिदिएको कुरा मात्रै हो त्यसैको निम्ति हाम्ले यो संशोधन प्रस्ताव यहाँ पेश गरेका छौ । त्यसरी नै यहाँ दोहोरौ सुविधाको कुरा पनि यो चर्को विषय पनि बन्यो । खासगरी निवृतिभरण अर्थात पेन्सन पाएकाहरुले पारिश्रमिक अर्थात यो सुविधा नपाउने भन्ने कुरा हामीले ऐनमा उल्लेख गरेका थियौ । जतिबेला हाम्ले ऐन बनायौ । रह्यो कुरा त्यो कसले मात्र नपाउने भो भन्दाखेरी जो नेपाल सरकार कै एउटै ढुकुटीबाट पेन्सन पनि सेवा सुविधा पनि प्राप्त गर्छन तिनलाई मात्रै दोहोरो सुविधा प्राप्त नहुने भो । त्यसभन्दा बाहेक अरु सबैले दिन सक्ने भए । त्यसकारण यस संवन्धि गुनासाहरु पटक पटक आए । त्यसकारण हामीले के ठान्यौ भने यी दुइटा फरक फरक विषय

हुन । जीवनभरी एउटा सर्न्दभमा सरकारको सेवा गरेवापत पाइने निवृतिभरण र अहिले निर्वाचित जनप्रतिनिधि भएर कामको आवश्यकता अनुसार कामको सिलसिलामा प्राप्त हुने सेवा सुविधा यो फरक फरक विषय हुनाले यो दोहोरो नपाइने भन्ने कुरा यसबाट हटाइदिदा त्यो सहज बन्छ यो भन्दा अर्को विकल्प अब हामीसँग छैन । यसकारण यो उपयुक्त छ र यसलाई संशोधनको निम्ति संशोधन गर्न यो प्रस्ताव ल्याइएको हो । मुख्य स्थानिय तहको संर्दभमा यहि हो अब यससँग अब यति गर्दा त्यसबाट नमिल्ने विषयहरु हटाउन जरुरी भएकोले त्यसलाई उल्लेख गरिएको छ । स्थानिय तहको संर्दभमा मुख्य विषय यहि नै हो र अर्को सँगै स्थानिय तहमै पर्‍यो महानगरपालिका, महानगरपालिकाको प्रमुख उपप्रमुखलाई पनि स्वकिय सचिव राख्न आवश्यक देखिएकोले पटक पटक महानगरसँग छलफल हुदापनि यो आएको कारणले अब तोके गरी राख्न पाउने गरी एउटा सुविधा त्यहाँ पनि थप गरिएको छ । स्थानीय तहसँग संवन्धित । अब प्रदेशसँग, मुख्यतप्रदेश सभासँग संवन्धित मुख्य विषय भनेको प्रमुख सचेतकको व्यवस्था हो । यो भन्दा अघिल्लो ऐनमा हाम्ले सचेतक मात्र भनेका थियौ । जब हामीले प्रमुख सचेतक र सचेतक व्यवस्था गर्ने भैसकेपछि अब प्रमुख सचेतकको व्यवस्था गर्नको निम्ति पनि हाम्ले संशोधनको प्रस्ताव ल्याउन जरुरी थियो । र यो ल्याएका छौ र यसमा जुन अनुसुची वा तालिका महलहरु थिए, महलहरुलाई पनि केहि हेरफेर गर्न जरुरी भएकोले यसपटक हाम्ले विपक्ष दलको नेता र उपसभामुख एउटै महलमा सत्तापक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतकलाई एउटै महलमा समितिका सभापति एकै ठाउँमा हुनुहुन्थ्यो यसरी व्यवस्था गरेका छौ । अथवा यो व्यवस्था गर्नको निम्ति यो संशोधन प्रस्ताव यहाँ प्रस्तुत गरिएको छ । मुख्य विषयहरु यिनै हुन । र यसरी हेर्दा यसको उद्देश्य सुविधा बढाउनै कै निम्ति यो विधयक ल्याइयो भन्ने अब लाग्न सक्छ । अब यसरी प्रश्न पनि उठे तर प्रदेश सरकारले यलाई सुविधा बढाउन नभएर यो नमिलेएका कुराहरु अर्थात विभेद भो भनेर जुन आवाजहरु उठिरहे त्यसलाई संवोधन गर्नको निम्ति यो संशोधन प्रस्ताव यहाँ प्रस्तुत गरिएको हो र अरु विषय मैले अघि नै भने कि यी सुविधा नलिने पाएको सुविधा आवश्यकता अनुसार सुविधा लिने कुरा हो । यदि आवश्यकता छैन भने आवश्यकताको वोध नहुदा सुविधा नलिन पनि सकिन्छ । त्यो स्वइच्छाको कुरा हो । त्यो घोषणा गर्दै हिड्ने कुरा होइन जस्तो लाग्छ । त्यसकारण

यो हुन सक्छन, यहाँ हामी त्यो विषयमा पनि छलफल गर्न सक्छौ । थप सुझावहरु पनि लिन सक्छौ । यो विधायन समितिमा छलफलको निम्ति जाने छ । त्यहाँ हामी थप छलफल गर्न सक्नेछौ । तर यहानेर अर्को प्रश्न पनि उठ्यो, कि यो प्रदेश सभालाई अलि गंभीरै ढंगले उठ्यो । प्रदेश सभालाई अपमानित गर्‍यो प्रदेश सरकारले भने झै अर्थात भेडा बाख्राको थलो बनाउन खोज्यो भनेर पनि प्रश्न उठ्यो । यो प्रदेश सरकारले प्रदेश सम्मानित प्रदेश सभालाई अपमानित गर्नै सक्दैन र अपमानित गर्‍या छैन । हामी आफैले हिजो ऐन बनाउदा जुन यो स्थानिय तहको र प्रदेश सभाको पारिश्रमिक सेवा सुविधा संवन्धमा जुन ऐन निर्माण गर्‍यौ त्यसमा हाम्ले स्पष्टसाथ लेखेका छौ व्यवस्था गरेका छौ । अनुसुचीमा हेरफेर गर्ने अधिकार प्रदेश सरकारको छ हुनेछ । अनुसुचीमा हेरफेर गर्ने अधिकार प्रदेश सरकारलाई दिएका छौ, हाम्रो प्रदेश सभाले दिएको छ । त्यहि अधिकार प्रयोग गरेर अनुसुचीमा हेरफेर गरेर यो राजपत्र प्रकाशित भएको छ । अब यहि आधारमा अपमानित गर्‍यो, भनेर भन्नु जाहेज देखिदैन । किनभने हाम्ले दिएको अधिकार सम्मानित प्रदेश सभाले दिएको अधिकार प्रयोग गरेको हो । यसै सर्न्दभमा विषय भन्दा बाहिर हुन त उठ्न स्वभाविक हो । सम्मानित सदन समक्ष आफूलाई लागेको विषयहरु उठाउनु त स्वभाविक हो तर पनि यो विधयकको सर्न्दभमा यो संशोधन विधयक भन्दा बाहिरको कुरा यो पनि यहाँ एकसाथ आएको छ । यो विषयमा हामी छलफल गर्दे जानेछौ । जेहोस् यस सर्न्दभमा जुन उठीसकेपछि मैले जवाफ दिनुपर्ने हुन्छ, यो अनुसुचीको हेरफेर सर्न्दभमा भएको कुरा मैले अघिनै यो संशोधन विधयकका सर्न्दभमा पनि भनिसके कि त्यहाँ पनि विभेद भयो । विभेद भयो भन्ने कुरा आएको हुनाले त्यो विभेदलाई संवोधन गरौं । स्थानीय तहको कार्यपालिकाको सदस्यहरुको समान स्टाटस भएकोले समान सेवा सुविधा दिइनुपर्छ भन्ने आवाज त्यहाँबाट उठी नै रह्यो । अब कुरा यहाँ उठे कार्यवोझ फरक छ त भन्ने कुरा पनि उठे । हिजो हामीले जुन सेवा सुविधाको व्यवस्था गर्‍यौ त्यो कार्यबोझकै आधारमा गर्‍यौ। अहिले भने हाम्ले स्टाटसलाई बढी संवोधन गर्न पर्‍यो । समान हैसियत हुनाले त्यही ढंगले संवोधन गर्न जरुरी हुन्छ । भूमिका र कार्यबोझ भन्ने कुरा त त्यो व्यवस्था गर्दे जाँदा हुने कुरा हो । कि कार्यपालिका सदस्यहरुलाई पनि विभिन्न विभागहरु बनाएर जिम्मेवारी दिन सकिन्छ । त्यसो गरेर जानुपर्छ । त्यो उनीहरुको क्षमता पनि बढाउदै जान आवश्यक छ भन्ने कुरा पनि महसुस गरेर र सँगै अर्को

कुरा पनि त्यो कार्यपालिकामा अथवा वोर्डमा कार्यपालिकाको सदस्यको हैसियतमा को आका छन भन्दा महिलाहरुको प्रतिनिधित्व भएको छ । दलितको प्रतिनिधित्व भएको छ । समाजको उत्पीडित जाती समुदाय को सहभागिता भएको छ । बल्लेतल्ले त्यो सहभागिता भाछ र यसलाई संवोधन गर्ने कुरामा प्रदेश सरकारले त्यसलाई पनि देख्न सक्नुपर्छ भन्ने बुझाइका साथ यो अनुसुचीमा हेरफेर भएको हो। अनुसुचीको सर्न्दभमा मैले यति कुरा भने अरु कुरा मैले यो पारिश्रमिक सुविधा विधयकको सर्न्दभमा यसको सैद्धान्तिक पक्ष यसको औचित्य र आवश्यकताको पक्ष मैले माननीय सदन समक्ष स्पष्ट गरे भन्ने मलाई लाग्छ । यति नै विषय राखेर विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो छलफल यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु अब म आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७६ साल साउन ९ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन ९ गते प्रस्तुत भएको र मिति २०७६ साल साउन १० गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको पारिश्रमिक र सुविधा संवन्धि केही प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १(ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ पारिश्रमिक र सुविधा संवन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधयक दफावार छलफलको लागि विधायन समितीमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहानुहुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउछु ।

माननीय सदस्यहरु,  अब म अर्थ तथा विकास समितिका माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी र श्री लक्ष्मी सुनारलाई उक्त समितिबाट क्रमशः विधायन समिति र प्रदेश मामिला समितिको रिक्त सदस्यमा रहने गरी जिम्मेवारी हेरफेर गरिएको व्यहोरा जानकारी गराउछु ।

माननीय सदस्यहरु, अब म उक्त जिम्मेवारी हेरफेरको प्रस्तावलाई सहमती जनाइदिनुहुन अनुरोध गर्दछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल साउन १९ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।**